# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

अर्जुनचौपारी, स्याङजा
Arjunchaupari, Syangja

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No): ०८०।८१
च.नं.(Dispatch No):-


मितिः२०८०।०९।१९

**प्रेस विज्ञप्ती**

आज मिति २०८०।०९।१९ यस अर्जुनचौपारी गाउँपालिकाको २५ औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** मिति २०८०/०८/१४ को कार्यपालिका बैठकमा निर्णय भएका अधिकांश निर्णयहरु कार्यान्विन अवस्थामा रहेको कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु पनि यथासिघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २** अर्जुनचौपारी गाउँपालिकाको हिउँदे गाउँसभा तयारी बैठक मिति २०८०/०९/२२ गते बस्ने साथै गाउँसभाको १४ औं अधिवेशन मिति २०८०/०९/२६ गते आव्हान गर्ने।

**निर्णय नं. २** अर्जुनचौपारी गाउँपालिका र सो अन्तर्गत विभिन्न शाखा कार्यालयहरुमा हाल कार्यरत करार कर्मचारीहरुको म्याद २०८० पौष मसान्त सम्म रहेको हुँदा मिति २०८१ आषाढ मसान्त सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो। साथै प्रत्येक महिना कार्यसम्पादनका आधारमा सन्तोषजनक कार्य सम्पादन नगरेका, राम्रो आचरण र गाउँपालिकाको सूचनाहरु चुहावट गर्ने कर्मचारीहरुलाई त्यस अगाडीनै हटाउन सकिने।

**निर्णय नं. ३** आ.व. २०८०/०८१ का लागि संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि तपसिल बमोजिमका योजना छनौट गरी राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौमा पठाउने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| समपुरक अनुदान संघ तर्फ | | |
|---|---|---|
| क्र.स | आयोजनाको नाम | बजेट |
| १ | अर्जुनचौपारी-रापाकोट-तालपोखरी सडक निर्माण | ८ करोड |
| २ | अर्जुनचौपारी-दरौं सडक निर्माण | ६ करोड |
| ३ | अर्जुनचौपारी बजार पहुँच मार्ग निर्माण | ४ करोड |
| **विशेष अनुदान संघ तर्फ** | | |
| क्र.स | आयोजनाको नाम | बजेट |
| १ | विपद् जोखिम न्यूनीकरणको लागि दरौंखोला तट्बन्ध निर्माण | ३ करोड |
| २ | विद्यालय फर्निचर फिक्चर्स मर्मत तथा व्यवस्थापन | २ करोड |
| ३ | अर्जुनचौपारी भित्रका खानेपानी वृहत मर्मत सम्भार | ३ करोड |

**निर्णय नं. ४** अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ स्थित रापाकोट देखि अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ राम्चे जोड्ने झोलुङ्गे पूल अति आवश्यक भएको हुँदा उक्त स्थानमा झोलुङ्गे पूल निर्माणको लागि सस्पेन्सन बृज डिभिजन स्थानीय पूर्वाधार विभाग शहरी विकास मन्त्रालय श्रीमहल, पुल्चोक, ललितपुरमा सिफारिस गर्ने।

धन बहादुर गुरुङ
प्रवक्ता

*" साझा प्रतिवद्धता साझा जिम्मेवारी हामी सवैको सपना समुन्नत अर्जुनचौपारी "*



CamScanner

**निर्णय नं. ५** माथि छलफल गर्दा आर्थिक कार्यविधि व्यवस्थित गर्न बनेको विधेयक, २०८० स्वीकृत गरी गाउँसभाको १४ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** अर्जुनचौपारी गाउँपालिका भित्र स्वस्थ खानेपानीको पहुँच पुऱ्याउन अर्जुनचौपारी गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०८० स्वीकृत गरी गाउँसभाको १४ औं अधिवेशनमा पेश गर्ने।

**निर्णय नं. ७** अर्जुनचौपारी गाउँपालिकाको स्थानीय रोजगार रणनीति तर्जुमाको लागि आवश्यक व्यवस्था मिलाउने।

**निर्णय नं. ८** आर्थिक वर्ष २०७९/०८० को स्थानीयतह संस्थागत स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा ९४ प्राप्त भएको हुँदा उक्त नतिजालाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८** अर्जुनचौपारी गाउँपालिका वडा नं. २ लामडाँडा स्थित गुफाँडाँडा वाटोमा पहिरो गई सडक अवरुद्ध भएको हुँदा उक्त सडक मर्मतको लागि प्राविधिकको मूल्याङ्कन अनुसार विपद् व्यवस्थापन कोषबाट आवश्यक वजेट विनियोजन गर्ने।

धन बहादुर गुरुङ्ग

धन बहादुर गुरुङ
प्रवक्ता



CamScanner